# राजदेवीनगरपालिका
# Rajdevi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

राजदेवी, रौतहट
Rajdevi, Rautahat

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या :०७९/०८०
चलानी नं. :
प्राप्त प.सं/च.नं.

राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

### करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०७९।०८।२९**

यस राजदेवी नगरकार्यपालिकाको कार्यालयको आ.व. २०७९०८० संघीय शसर्त कार्यक्रम अन्तर्गत कृषि स्नातक करार र एक पालिका एक भेटेरिनरी कार्यक्रमको लागि तपसिलको पदहरुमा देहायको संख्या र योग्यता भएका कर्मचारीहरु करारमा आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | सेवा करारमा लिने पद | न्यूनतम शैक्षिक योग्यता | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| ०१/०७९-८० | कृषि स्नातक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उतिर्ण गरेको | १(एक) | |
| ०२/०७९-८० | पशु चिकित्सक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तिमा स्नातक तह उतीर्ण गरेको र परिषदमा दर्ता भएको । | १(एक) | |

१. सेवा सुविधा : नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।
२. मासिक पारिश्रमिक : कार्यविधिले तोके अनुसार ।
३. उमेर : २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
४. परीक्षाको किसिम : शैक्षिक योग्यताको आधारमा लिखित तथा अर्न्तवार्ता ।
५. दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरु :
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी ।
- परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपी (पशु चिकित्सकको हकमा)
- (पेश गरिने सबै प्रतिलिपीको पछाडी स्वंयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्ने छ ।)

६. आवेदन शुल्क :रु. १,०००।- (रु एक हजार मात्र)
७. दरखास्तको ढाँचा : लोकसेवा आयोगको स्वीकृत ढाँचामा हुनेछ ।
८. दरखास्त दिने स्थान : राजदेवी नगरपालिकाको कार्यालय राजदेवी, रौतहट ।
९. करार सेवा अवधि : करार अवधि चालु आर्थिक वर्षको असार मसान्तसम्म मात्र हुनेछ ।
१०. दरखास्त दिने अन्तिम मिति: २०७९/०९/१४ (थप दस्तुर २०७९/०९/२१ सम्म) सो दिन सार्वजनिक विदा परे त्यसको भोलि पल्ट ।

प्रमुख प्रशासकीय अधिकृत